

# पुनर्निर्माणका
# चार वर्ष

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं।
२०७६ पुस

# पुनर्निर्माणको पछिल्लो अवस्था



२०७२ साल वैशाख १२ को भूकम्प र त्यसपछिका परकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरूको पुनर्निर्माण, बिस्थापित व्यक्ति तथा परिवारहरूको पुनर्स्थापना र उनीहरूको जीविकोपार्जनमा समेत विशेष सहयोग गर्ने उद्देश्यले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरिएको हो । सरकारी निकाय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय समुदाय, विभिन्न सङ्घ/संस्था, स्थानीय समुदाय तथा व्यक्तिसँग समन्वय, सहकार्य र साझेदारी गर्दै चार वर्षको अवधिमा प्राधिकरणले महत्वपूर्ण उपलब्धि हासिल गरिसकेको छ ।

प्राधिकरणको निर्देशक समितिले निजी आवास पुनर्निर्माणलाई छिटो र व्यवस्थितरूपमा अघि बढाउन स्थानीय तहहरूलाई जिम्मेवारी हस्तान्तरण गर्ने निर्णय गरेअनुसार भूकम्प प्रभावित जिल्लाका स्थानीय तहहरूसँग प्राधिकरणले सम्झौता गरिसकेको छ । जनताको अपनत्व र स्वामित्व तथा स्थानीय तहको सक्रियतामा निजी आवास पुनर्निर्माणका कामहरू अघि बढाउँदा निजी आवाससम्बन्धी कुनै पनि समस्या सम्बोधन गर्न सहज हुने र स्थानीय तहले विकेन्द्रीकरणको वास्तविक अभ्यास गर्दै स्वामित्व लिनेछन् भन्ने प्राधिकरणले विश्वास लिएको छ ।

पूर्वनिर्धारित समयमा पुनर्निर्माणका बाँकी काम सम्पन्न गर्नका लागि प्राधिकरणले निजी आवास, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सम्पदा, सरकारी तथा सुरक्षा निकायका भवन, गुम्बालगायतका संरचनाको पुनर्निर्माण र भूकम्प प्रभावित जनताको जीविकोपार्जनका लागि स्पष्ट दृष्टिकोण र योजनाका साथ काम गरिरहेको छ ।

आगामी दिनमा पनि प्राधिकरणले सरकारी निकाय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय समुदाय, विभिन्न सङ्घ/संस्था, स्थानीय समुदाय तथा व्यक्तिसँग समन्वय, सहकार्य र साझेदारी गर्दै पुनर्निर्माण र पुनर्स्थापनाका काम सम्पन्न गर्नेछ ।

स्थापनापछिका ४ वर्षमा प्राधिकरणले के/कति प्रगति हासिल गऱ्यो र यसले बाँकी काम कसरी सम्पन्न गर्दैछ भन्नेबारे जानकारी हुन सकोस् भन्ने उद्देश्यका साथ मुख्य विषयहरूलाई समावेश गरी यो प्रगति विवरण तयार गरिएको छ ।

## निजी आवास पुनर्निर्माण अनुदान वितरण

### (१) पुनर्निर्माण

| विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जम्मा लाभग्राही | ८,१६,५६० | | |
| अनुदान सम्झौता गरेका | ७,८०,१६५ | ९५.५४ | जम्मा लाभग्राही सङ्ख्याको आधारमा |
| पहिलो किस्ता लिएका | ७,६९,९२६ | ९८.६९ | अनुदान सम्झौताका आधारमा |
| दोस्रो किस्ता लिएका | ६,२१,४४३ | ७९.६६ | अनुदान सम्झौताका आधारमा |
| दोस्रो किस्ताकालागि निवेदन दिएका | ६,३६,७६६ | ८१.६२ | अनुदान सम्झौताका आधारमा |
| तेस्रो किस्ता लिएका | ५,२५,२१५ | ६७.३२ | अनुदान सम्झौताका आधारमा |
| तेस्रो किस्ताकालागि निवेदन दिएका | ५,४७,०६० | ७०.१२ | अनुदान सम्झौताका आधारमा |
| पुनर्निर्माण सम्पन्न घर | ४,८२,३२३ | ६१.८२ | अनुदान सम्झौताका आधारमा |
| पुनर्निर्माण भइरहेका घर | १,८९,०४१ | २४.२३ | अनुदान सम्झौताका आधारमा |
| **पुनर्निर्माण सम्पन्न र निर्माण भइरहेका घर सङ्ख्या : ६,७१,३६४ (८६%)** | | | |

### (२) प्रवलीकरण

| विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| जम्मा लाभग्राही | ६९,६१४ | | |
| अनुदान सम्झौता गरेका | ३८,१०१ | ५५ | जम्मा लाभग्राही सङ्ख्याको आधारमा |
| पहिलो किस्ता लिएका | ३७,६६८ | ९९ | अनुदान सम्झौताका आधारमा |

२०७६ पुस ६ सम्मको तथ्याङ्क

### निजी आवास पुनर्निर्माणसम्बन्धी नीतिगत व्यवस्था र कार्यप्रणाली :

**मूल लक्ष्य - भूकम्पपीडित सबैको सुरक्षित आवासको सुनिश्चतता**

- भूकम्पपीडित परिवार कोही नछुटून् र कोही नदोहोरिउन् भन्ने सोच ।
- पारदर्शिताको सुनिश्चितता - बैङ्क खातामार्फत अनुदान रकम भुक्तानी ।
- सुरक्षित आवास पुनर्निर्माणको मूल आधार - प्राविधिक निरीक्षणका आधारमा तीन किस्तामा तीन लाख रुपियाँ अनुदान वितरण ।
- प्राविधिक सेवाको सहज पहुँचका लागि वडा तहमा इन्जिनियर एवं डकर्मीहरू परिचालन ।
- स्थानीय तहमा कार्यजिम्मेवारी, स्रोत/साधन र अधिकार हस्तान्तरण - संस्थागत दिगोपना र सङ्घीयताको कार्यान्वयन ।
- टोल तथा बस्तीहरूमा पुनर्निर्माण सामुदायिक समितिको व्यवस्थाद्वारा पुनर्निर्माण कार्यमा समन्वय, आपसी सहयोग र जनचेतनामा अभिवृद्धि ।
- प्रत्येक स्थानीय तहमा पुनर्निर्माण समन्वय समिति र कार्यान्वयन एकाइको व्यवस्था - स्थानीय तहमै पुनर्निर्माण कार्यको कार्यान्वयन, अनुगमन र समीक्षा ।
- जिल्ला तहमा पुनर्निर्माण समन्वय समितिको व्यवस्था- पुनर्निर्माणमा तीनै तहका जनप्रतिनिधि परिचालन र अनुगमनकारी भूमिकाको सुनिश्चितता ।
- केन्द्रीय तहमा प्रधानमन्त्री अध्यक्ष र प्रमुख प्रतिपक्षी दलका नेता उपाध्यक्ष रहने गरी पुनर्निर्माण राष्ट्रिय परामर्श परिषद् र निर्देशक समितिको व्यवस्था - पुनर्निर्माणमा सत्तापक्ष एवं प्रतिपक्षी दलको साझा नेतृत्व र सहकार्यको परिकल्पना ।
- सबै भूकम्पपीडितको विवरण सूचना प्रणालीमा आबद्ध- पुनर्निर्माण एवं अनुदान वितरण व्यवस्थापनमा सहजता र विश्वसनीयता ।
- घर पुनर्निर्माण गर्न नसकेका र ऋण आवश्यक पर्ने लाभग्राहीलाई तीन लाख रुपियाँसम्मको पाँच वर्षको सरल ऋणको व्यवस्था ।
- स्ववासी, भूमिहीन, गुठी, मोही जस्ता समस्या रहेका जग्गामा बसोबास गरेका भूकम्पपीडित लाभग्राहीलाई निस्सा कागज वा स्थानीय तहको सिफारिसका आधारमा आवास पुनर्निर्माण अनुदान दिइने व्यवस्था ।

## निजी आवास पुनर्निर्माणको नयाँ समयसीमा

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले अनुदान सम्झौता नगरेका, पहिलो किस्ता र दोस्रो किस्ता नलिएका भूकम्पपीडित लाभग्राहीलाई शर्तसहित पुनः अवसर दिएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको बैठकले तोकेको समयमा घर पुनर्निर्माण गर्ने प्रतिबद्धतासहित लाभग्राहीले सम्बन्धित स्थानीय तहको सिफारिस ल्याएमा अनुदान उपलब्ध गराउन सक्ने निर्णय गरेको हो ।

प्राधिकरणले २०७६ असार २१ गतेसम्म सम्झौता नगरेका र मिति २०७६ असार मसान्तसम्म पहिलो किस्ता नलिई अनुदान वितरण स्थगन गरिएका लाभग्राहीहरूलाई एक पटकका लागि सम्बन्धित स्थानीय तहले घर पुनर्निर्माणको सुनिश्चितता गरी सिफारिस गरेमा जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)ले आवश्यक छानविन गरी जिल्ला पुनर्निर्माण सहजीकरण समितिमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । जिल्ला पुनर्निर्माण सहजीकरण समितिले यसरी प्राप्त गरेका विवरण र सिफारिस समेत अध्ययन गरी सम्बन्धित लाभग्राहीबाट आफ्नो आवास तोकिएको समयसीमाभित्र पुनर्निर्माण गर्ने प्रतिबद्धता भएको पाएमा स्थगन गरिएको अनुदान उपलब्ध गराउन सक्नेछ।

त्यसरी लाभग्राही कायम भएकाले पहिलो किस्ता २०७६ पुस मसान्तभित्र र दोस्रो किस्ता २०७६ माघ मसान्तसम्म लिइसक्नु पर्नेछ । प्राधिकरणले यसअघि सयमसीमा तोकी अनुदान सम्झौता गर्ने र किस्ता लिन आग्रह गर्दै आएको थियो । दोस्रो किस्ता लिने समय कार्तिक मसान्तसम्म तोकिएको थियो ।

कार्यकारी समितिको निर्णय अनुसार प्रवलीकरणमा परेका लाभग्राहीहरूले पनि अन्तिम किस्ता अनुदान २०७७ साल



असार मसान्तसम्म लिइसक्नु पर्नेछ ।

एकीकृत बस्तीका लाभग्राही, जोखिम क्षेत्रका लाभग्राही, भूमिहिन लाभग्राही, जोखिमवर्गका लभाग्राही, काठमाण्डौ उपत्यकाभित्रका लाभग्राही तथा छुट तथा पुनः जाँच सर्वेक्षण लगत विश्लेषणबाट कायम हुने लाभग्राहीहरूको हकमा निम्नअनुसार समयसीमा हुने -

| किस्ता | समयसीमा |
|---|---|
| लाभग्राही कायम गर्ने एवं टुंगो लगाउने | २०७६ पौष मसान्त |
| पहिलो किस्ता लिइसक्नु पर्ने | २०७६ माघ मसान्त |
| दोस्रो किस्ता लिइसक्नु पर्ने | २०७७ बैशाख मसान्त |
| तेस्रो किस्ता लिइसक्नु पर्ने | २०७७ असार मसान्त |

## परम्परागत सम्पदा बस्ती पुनर्निर्माण

- उपत्यकाभित्रका बुङमती, खोकना र साँखु एवं उपत्यकाबाहिरका नुवाकोट दरबार क्षेत्र, गोरखा दरबार क्षेत्र र दोलखा भीमेश्वर मन्दिर क्षेत्रलाई परम्परागत सम्पदा बस्तीका रूपमा सूचीकृत गरी गुरुयोजना तयारीसहित पुनर्निर्माण कार्य अघि बढाइएको ।
- परम्परागत सम्पदा बस्तीसम्बन्धी विशेष मापदण्ड स्वीकृत भई कार्यान्वयनमा ल्याइएको ।
- परम्परागत सम्पदा बस्तीभित्र निजी आवास, आधारभूत पूर्वाधार तथा प्राचीन स्मारकहरूको संरक्षण एवं पुनर्निर्माण कार्य गुरुयोजनामुताबिक सरकार र स्थानीय समुदायको सहकार्यमा कार्यान्वयन भइरहेको ।
- परम्परागत ६ वटा सम्पदा बस्तीका सबै भूकम्पपीडित लाभग्राहीलाई प्रति घरपरिवार थप ५० हजार रुपियाँ अनुदानको व्यवस्था ।






## गुनासो सुनुवाइ र पुनरावेदन

- कुल गुनासो दर्ता : ३,०६,८५८
- पुनः सर्वेक्षण तथा पुनः जाँच (पहिलो चरण २०७४ श्रावण-कार्तिक) : १,२९,४१०
- पुनः सर्वेक्षण तथा पुनः जाँच (दोस्रो चरण २०७५ चैत्र १५ देखि हालसम्म) : १,८९,२३९ (५० जना इन्जिनियरमार्फत विश्लेषण भइरहेको र हालसम्म १ लाख १२ हजारको विश्लेषण गरिएको)
- पुनरावेदन समितिमा फैसला भएका सङ्ख्या : १,५२०
- प्राधिकरणको टोल फ्रिबाट सेवा लिनेको सङ्ख्या : ३२,९१८

## बस्ती स्थानान्तरण

- अध्ययन गरिएका सम्भावित जोखिमयुक्त बस्ती : १,०६०
- सुरक्षित बस्ती (केही गर्नु नपर्ने) : ४७७
- सुरक्षित बनाउन सकिने जोखिमयुक्त बस्ती : ३१३
- असुरक्षित बस्ती : २७८
- असुरक्षित बस्तीमा रहेका लाभग्राहीको सङ्ख्या : ४,८२९
- २ लाख अनुदान लिइ जग्गा व्यवस्थापन गरेका लाभग्राही सङ्ख्या : २,१८८
- सुरक्षित बस्तीका लागि जग्गा उपलब्ध गराइएको लाभग्राहीको सङ्ख्या : ६२९
- आफै जग्गा किनेका (६६), आफ्नै जग्गा भएका (४७८), एकाघरको नाममा जग्गा किनेका (६६) र दुई स्थानमा दोहोरिएका (४४) : ६५४
- पहिलेकै स्थानमा घर बनाएका : ४२४
- अन्यको मञ्जुरीमा घर बनाएका : २३१
- सुरक्षित जग्गा उपलब्ध गराउन बाँकी लाभग्राही सङ्ख्या : ६२५

## भूमिहीन लाभग्राहीसम्बन्धी विवरण

- कुल पहिचान भएको भूमिहीन लाभग्राही संख्याः ९,२८६
- जग्गा किन्न रु. २ लाख अनुदान पाउने लाभग्राही : १,१११
- पहिलेकै स्थानमा घर बनाउन चाहने लाभग्राही : ८,१४२
- दुई लाख प्राप्त गरी जग्गा किनेका लाभग्राही संख्या : २२९

## एकीकृत बस्ती पुनर्निर्माण

- प्रारम्भिक योजना स्वीकृत भएका : ४३ वटा
- निर्माण भइरहेको : २२

## जोखिम वर्गमा पर्ने लाभग्राहीसम्बन्धी विशेष व्यवस्था

६५ वर्ष नाघेकी एकल महिला, ७० वर्ष नाघेका जेष्ठ नागरिक, १६ वर्षमुनिका बालबालिका र नेपाल सरकारबाट अपाङ्ताको परिचय पत्र (रातो र निलो कार्ड) पाएका व्यक्तिलाई जोखिम वर्ग कायम गरी हालसम्म ४ हजारलाई रु. ५० हजार अनुदान र विशेष प्राविधिक सहयोग उपलब्ध गराइएको ।





## पुरातात्विक एवं सांस्कृतिक सम्पदाको पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सम्पन्न र भइरहेका | | पुनर्निर्माण सुरू गर्न बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जम्मा पुरातात्विक सम्पदा | ८९१ | ३८७ | ४३.४३ | १२३ | १३.८० | ५१० | ५७.२४ | ३८१ | ४२.७६ |
| अति प्रभावित १४ जिल्ला | ७५३ | ३८७ | ५१.३९ | १२३ | १६.३३ | ५१० | ६७.७३ | २४३ | ३२.२७ |
| कम प्रभावित १७ जिल्ला | १३८ | ० | ०.०० | ० | ०.०० | ० | ०.०० | १३८ | १००.०० |

- २०७५ पौष १२ गते प्रधानमन्त्रीबाट शिलान्यास भएको धरहराको पुनर्निर्माण तीव्र गतिमा भइरहेको ।
- राजधानीका महत्त्वपूर्ण पुरातात्विक सम्पदाहरू काष्ठमण्डप, रानीपोखरी र सिंहदरबारलगायतको निर्माण कार्य अगाडि बढिरहेको ।

२०७६ पुस ६ सम्मको तथ्याङ्क

## स्वास्थ्य संस्थाको पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सम्पन्न र भइरहेको | | पुनर्निर्माण सुरू गर्न बाँकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| स्वास्थ्य संस्थाहरू | ११९७ | ६६५ | ५५.५६ | १४९ | १२.४५ | ८१४ | ६८.०० | ३८३ | ३२.०० | |
| पूर्ण क्षति | ५४४ | ३१४ | ५७.७२ | ७५ | १३.७९ | ३८९ | ७१.५१ | १५५ | २८.४९ | प्रिफ्याब संरचना निर्माण |
| आंशिक क्षति | ६५३ | ३५१ | ५३.७५ | ७४ | ११.३३ | ४२५ | ६५.०८ | २२८ | ३४.९२ | मर्मत/ प्रवलीकरण |

## सरकारी एवं सुरक्षा निकायका भवन पुनर्निर्माण

| विवरण | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सम्पन्न र भइरहेका | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| सरकारी भवन | ३५९ | ८६.५१ | ४९ | ११.८१ | ४०८ | ९८.३१ | |
| पूर्ण क्षति | १०६ | ६५.४३ | ४९ | ३०.२५ | १५५ | ९५.६८ | |
| आंशिक क्षति | २५३ | १००.०० | ० | ०.०० | २५३ | १००.०० | मर्मत/प्रवलीकरण भएको |
| सुरक्षा निकायका भवन | १९४ | ८९.८० | २२ | १०.२० | २१६ | १००.०० | |
| नेपाली सेना | ६९ | ९७.२० | २ | २.८० | ७१ | १००.०० | |
| नेपाल प्रहरी | ८५ | ८१.०० | २० | १९.०० | १०५ | १००.०० | |
| सशस्त्र प्रहरी | ३१ | १००.०० | ० | ०.०० | ३१ | १००.०० | |
| राष्ट्रिय अनुसन्धान विभाग | ९ | १००.०० | ० | ०.०० | ९ | १००.०० | |

नोट : सुरक्षा निकायतर्फका बाँकी संरचना सम्बन्धित निकायको नियमित कार्यक्रम मार्फत पुनर्निर्माण गरिने ।

## शिक्षण संस्थाको पुनर्निर्माण

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सम्पन्न र भइरहेको | | पुनर्निर्माण सुरू गर्न बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| विद्यालय भवन | ७५५३ | ५३८० | ७१.२३ | १७८७ | २३.६६ | ७१६७ | ९४.८९ | ३८६ | ५.११ |
| विद्यालय कक्षा कोठाहरू | ४९६८१ | २६९३६ | ५४.२२ | १५२२२ | ३०.६४ | ४२१५८ | ८४.८६ | ७५२३ | १५.१४ |
| विश्वविद्यालय एवं कलेजहरू | ३० | २ | ६.६७ | २१ | ७०.०० | २३ | ७६.६७ | ७ | २३.३३ |

२०७६ पुस ६ सम्मको तथ्याङ्क

## गुम्बा पुनर्निर्माण

**क्षति भएका : १,३२०**
**मर्मत सम्भार गर्नुपर्ने : ४०२**
**पुनर्निर्माण गर्नुपर्ने : ८९५**
**एक सय वर्षभन्दा पुराना : २५०**
**दुई हजार वर्गफिट भन्दा बढी क्षेत्रफल भएका : २४**
**स्थानीय तह र गुम्बा व्यवस्थापन समितिबाट पुनर्निर्माण गर्नुपर्ने : ६२१**

गुम्बा पुनर्निर्माणतर्फ हाल मर्मत सम्भार गर्नुपर्ने तथा एकसय वर्षभन्दा पुराना गुम्बाहरूको पुनर्निर्माण कार्य अघि बढाइएको ।






## ग्रामीण सडक तथा खानेपानी आयोजनाको पुनर्निर्माण

| आयोजना | पुनर्निर्माण सम्पन्न | | पुनर्निर्माण भइरहेका | | पुनर्निर्माण सम्पन्न र भइरहेका | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ग्रामीण सडक | १४ | ३१.८० | ३० | ६८.२० | ४४ | १००.०० |
| खानेपानी आयोजना | ७९१ | ५४.१० | ६७० | ४५.९० | १४६१ | १००.०० |

नोट : ग्रामीण सडक तथा खानेपानी आयोजनाका बाँकी संरचना सम्बन्धित निकायको नियमित कार्यक्रम मार्फत पुनर्निर्माण गरिने ।

## आर्थिक-सामाजिक पुनःस्थापना

- कृषि विकास मन्त्रालय, पशुपन्छी विकास मन्त्रालय, उद्योग मन्त्रालय, पर्यटन तथा संस्कृति मन्त्रालय तथा विभिन्न निकाय अन्तर्गत जिविकोपार्जनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालन भएको ।
- भुकम्पपीडितलाई प्राथमिकता दिने व्यवस्थासहित सहुलियत व्यवसायिक ऋणसम्बन्धी एकीकृत कार्यविधिअनुरुप जिविकोपार्जन कार्यक्रमका निम्ति बित्तिय व्यवस्थापन मिलाइएको ।
- विभिन्न गैरसरकारी संस्था, व्यक्ति तथा स्थानीय समुदायमार्फत जिविकोपार्जनसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन भइरहेको ।
- निजी आवास तथा अन्य संरचनाहरूको पुनर्निर्माणका लागि ७० हजार डकर्मीहरूलाई तालिम दिई रोजगारी उपलब्ध गराइएको ।
- पुनर्निर्माणका विभिन्न कार्यहरूमा करिब ५ लाख जनाले रोजगारी पाइरहेका ।

# पुनर्निर्माणको दिगोपना र हस्तान्तरण

- विपद् व्यवस्थापनसम्बन्धी संवैधानिक एवं कानुनी व्यवस्थाबमोजिम तीनै तहका सरकारसँग सहकार्य गरी पुनर्निर्माणसम्बन्धी ज्ञान, सिप र अनुभव हस्तान्तरण प्रक्रिया अघि बढाइएको ।
- पुनर्निर्माणलाई गति प्रदान गर्न तथा पुनर्निर्माणका ज्ञान, अनुभव एवं सिकाई हस्तान्तरणका लागि भूकम्प प्रभावित जिल्लाका स्थानीय तहहरू र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबीच समभ्रुदारीपत्रमा हस्ताक्षर ।
- सङ्घीय तहमा राष्ट्रिय विपद् जोखिम व्यवस्थापन प्राधिकरणसँग विशेष समन्वय र सहकार्य अघि बढाइएको ।
- पुनर्निर्माणसम्बन्धी सम्पूर्ण प्रक्रिया र क्षेत्रगत अनुभवहरूको डकुमेन्टेसन कार्य अघि बढाइएको ।
- भूकम्पसम्बन्धी अन्तर्राष्ट्रिय स्तरको म्युजियम तथा अनुसन्धान केन्द्र स्थापनासम्बन्धी कार्य अघि बढाइएको ।
- प्राधिकरणमा हाल रहेको सूचना प्रणालीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइएको ।
- प्रत्येक स्थानीय तहमा जोखिम विपद् नक्शाङ्कन कार्य अघि बढाइने र त्यसलाई स्थानीय तहको भू-उपयोग योजना एवं योजना तथा भवन मापदण्ड तयारीको आधारका रूपमा प्रयोग गरिने ।
- प्रत्येक गाउँपालिका एवं नगरपालिकालाई राष्ट्रिय भवन संहिता लागु गराउन विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- पुनर्निर्माणबाट प्राप्त हुने ज्ञान, सीप र अनुभवलाई अन्तर्राष्ट्रिय समुदायबीच आदान प्रदान गर्न आगामी वर्ष अन्तर्राष्ट्रिय सम्मेलनको तयारी सुरु गरिएको ।





## पुनर्निर्माणका लागि अनुमानित बजेट तथा खर्च

### वित्तीय आवश्यकता

- पञ्चवर्षीय पुनर्निर्माण तथा पुनर्स्थापना योजनाअनुसार कुल संशोधित बजेट आवश्यकता : ६३० अर्ब रुपियाँ
- दाता सम्मेलनमा प्रतिबद्धता व्यक्त भएको रकम : ४१० अर्ब रुपियाँ (त्यसमध्ये ६७ अर्ब राहत तथा उद्धार एवं अन्य कार्यक्रममा खर्च भएको र भारतीय एक्जिम बैंकतर्फको ४९ अर्ब रुपियाँ नेपाल सरकार तर्फ स्रोतान्तर भएको हुँदा वास्तविक प्रतिबद्धता रकम जम्मा २९४ अर्ब रुपियाँ मात्र)

### खर्च विवरण

| आर्थिक वर्ष | खर्च रकम (रू. हजारमा) |
|---|---|
| २०७२/७३ | २२,४७,५६,७१ |
| २०७३/७४ | ४९,६९,१७,३१ |
| २०७४/७५ | १,१४,७८,११,५२ |
| २०७५/७६ | ८९,४३,७६,१४ |
| जम्मा | २,९३,२५,५७,२७ |

नोट : आ.व. २०७६/७७का लागि कूल १४१ अर्ब रकम विनियोजित भएकोमा रु. ३४ अर्ब बराबरको रकमका लागि स्रोत सुनिश्चितता हुन बाँकी रहेको ।

# पुनर्निर्माणका ४८ महिना



## मुख्य घटनाक्रम

### २०७२ पुस

- पुस ५ - भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ जारी ।
- पुस १० - मन्त्रिपरिषद्द्वारा वरिष्ठ इन्जिनियर एवं सहरी योजनाविद् सुशील ज्ञवालीलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त ।
- पुस १२ - राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले औपचारिक रूपमा काम सुरु गरेको ।

### २०७२ माघ

- भूकम्प अति प्रभावित जिल्लाहरूमा भूकम्प प्रभावित आवास पुनर्निर्माण लगत सङ्कलन कार्य दोलखाबाट सुरु ।
- माघ २ - १९ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा रत्नपार्कस्थित रानीपोखरी पुनर्निर्माणको शिलान्यास गरी पुनर्निर्माण महाअभियान सुरु । प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा काठमाडौं उपत्यकाको प्राचीन बस्ती बुङमतीको गुरुयोजना सार्वजनिक गरी निजी घर पुनर्निर्माणको शुभारम्भ ।




### २०७२ फागुन

- निर्देशक समितिद्वारा राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ पारित । मन्त्रिपरिषद्द्वारा भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७२ पारित ।
- उपत्यकाबाहेकका भूकम्प अति प्रभावित ११ जिल्लामा निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता सुरु । दोलखा जिल्लाको लादुक गाविस वडा नम्बर ८ का घरधनी जगतबहादुर खत्रीसँग पहिलो अनुदान सम्झौता ।

### २०७२ चैत

- मन्त्रिपरिषद्द्वारा भूकम्प प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी नियमावली, २०७२ पारित । भूकम्पबाट प्रभावित संरचना पुनर्निर्माणका लागि जग्गा प्राप्तिसम्बन्धी कार्यविधि, २०७२ पारित ।
- भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माण कार्य अघि बढाउन सातवटा उपक्षेत्रीय कार्यालय खोल्ने प्राधिकरणको योजनाअनुसार दोलखाको चरिकोटमा पहिलो उपक्षेत्रीय कार्यालय स्थापना र सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा प्राधिकरणको एक विशेष सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय ।

### २०७३ वैशाख

- वैशाख १२ - राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा 'गोरखा भूकम्प' एक वर्ष पुगेको स्मृतिमा केन्द्रविन्दु बारपाक पुगेर भूकम्प स्मृति उद्यान तथा बारपाक-४ का गोपाल बिकको घर शिलान्यास । प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा भूकम्पपीडित सर्वे तामाङको निजी आवास पुनर्निर्माणको शिलान्यास ।
- वैशाख ३० - प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी पञ्चवर्षिय योजना सार्वजनिक गरी पुनर्निर्माणका लागि ५ वर्षमा ९ खर्ब रुपियाँ लाग्ने अनुमान प्रस्तुत ।

### २०७३ जेठ

- प्राधिकरणद्वारा 'भूकम्पबाट प्रभावित व्यक्तिको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी कार्यविधि, २०७२' स्वीकृत । भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणका लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७२' प्राधिकरणद्वारा पारित ।
- संयुक्त राष्ट्र सङ्घका महासचिव वान कि मुनद्वारा टर्कीको इस्तानबुलमा आयोजित विश्व मानवीय सम्मेलनलाई सम्बोधन

गर्दै भूकम्पबाट क्षतिग्रस्त नेपालको भौतिक संरचनाहरूको पुनर्निर्माणमा संयुक्त राष्ट्र सङ्घले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त ।

### २०७३ असार

- भूकम्पबाट आंशिक क्षति भएका घर मर्मत सम्भार एवं प्रवलीकरण गर्न ५० हजार रुपियाँ उपलब्ध गराउने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्ने प्राधिकरणको निर्णय । पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि पारित ।
- भूकम्पबाट क्षति पुगेका संरचना पुनर्निर्माण तथा पुनर्स्थापना गर्न आवश्यक जनशक्ति विकासका लागि व्यवस्थित र योजनाबद्धरूपमा तालिम सञ्चालन गर्न प्राधिकरणद्वारा तालिम सञ्चालन तथा व्यवस्थापन निर्देशिका पारित ।

### २०७३ साउन

- प्राधिकरणद्वारा पुनर्निर्माणसम्बन्धी कार्यमा स्थानीय समुदायको सहभागिता र स्वामित्व अभिवृद्धि गर्न 'पुनर्निर्माण सामुदायिक समितिसम्बन्धी निर्देशिका, २०७३' पारित ।

### २०७३ भदौ

- भूकम्पपीडितलाई निजी आवास पुनर्निर्माणमा सरकारबाट दिइने अनुदान २ लाखबाट वृद्धि गरी ३ लाख रुपियाँ उपलब्ध गराउने मन्त्रिपरिषद्को निर्णय ।
- भूकम्पबाट क्षति भएको सुन्दरीजलस्थित बि.पी. सङ्ग्रहालय पुनर्निर्माण कार्यको पूर्वप्रधानमन्त्री एवं नेपाली कङ्ग्रेसका सभापति शेरबहादुर देउवाद्वारा शिलान्यास ।

### २०७३ असोज

- भूकम्पपीडितले घर पुनर्निर्माणका लागि पाउने अनुदान रकम पहिलो किस्तामा ५० हजार, दोस्रो किस्ता १ लाख ५० हजार र तेस्रो किस्ता १ लाख रुपियाँको हुने व्यवस्था ।

### २०७३ कात्तिक

- वैदेशिक सहायताद्वारा सञ्चालित पुनर्निर्माणसम्बन्धी कार्यमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू एवं नागरिक समाजबीच आवश्यक समन्वय र सहजीकरण गर्न/गराउन प्रधानमन्त्री एवं राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अध्यक्षद्वारा विकास सहायता समन्वय तथा सहजीकरण समिति गठन ।
- भूकम्पबाट क्षति भएका निजी घरको पुनर्निर्माण, प्रवलीकरण वा मर्मत गर्नुपर्ने संरचना भूकम्प प्रतिरोधात्मक बनाउन 'निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण कार्यविधि, २०७३' पारित ।

### २०७३ मङ्सिर

- प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा करिव २३ करोड रुपियाँ लागतमा पुनर्निर्माण भएको विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ स्तुपाको उद्घाटन

### २०७३ पुस

- सरकारद्वारा प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीलाई हटाइ प्रा. डा. गोविन्दराज पोखरेललाई नियुक्त गर्ने निर्णय ।
- कार्यकारी समितिको बैठकद्वारा विभिन्न विश्वविद्यालयअन्तर्गतका इन्जिनियरिङ सङ्काय/कलेजमा सिभिल इन्जिनियरिङको अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई २०७३ माघ २१ देखि फागुन २० सम्म एक महिनाका लागि पुनर्निर्माण अभियानमा स्वयंसेवकका रूपमा खटाइदिने व्यवस्था मिलाउन आग्रह गर्ने निर्णय ।

### २०७३ माघ

- झुटा विवरण पेश गरी लाभग्राही सूचीमा नाम समावेश भई निजी आवास पुनर्निर्माण सम्झौता गरेका व्यक्तिहरूलाई त्यसरी लिएको रकम फिर्ता गर्न आवश्यक कानुनी कारबाहीको प्रक्रिया सुरु गर्ने कार्यकारी समितिको निर्णय ।

### २०७३ फागुन

- कलाकार सीताराम कट्टेल र कुञ्जना घिमिरे (धुर्मुस-सुन्तली) लाई एकीकृत बस्ती विकाससम्बन्धी काममा थप जागरण ल्याउन र प्रोत्साहित गर्न एकीकृत बस्ती निर्माण/विकाससम्बन्धी सद्भावना दूत बनाउने कार्यकारी समितिको निर्णय ।

### २०७३ चैत

- सर्वेक्षण सम्पन्न भई पहिचान भएका भूकम्प प्रभावित १७ जिल्लाका लाभग्राहीहरूसँग अनुदान सम्झौता गरी अनुदान वितरण सुरु ।
- जोखिमयुक्त बस्तीका बासिन्दा एवं घर/परिवारको स्थानान्तरणसम्बन्धी आवश्यक व्यवस्था मिलाउन प्राधिकरणद्वारा 'जोखिमयुक्त बस्ती स्थानानन्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३' पारित ।

### २०७४ वैशाख

- आफ्नो जग्गा नभई सार्वजनिक, वन क्षेत्र एवं सरकारी जग्गामा बसेका तथा जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा सर्न चाहने भूकम्पपीडितलाई घडेरी जग्गा खरिद गर्न दुई लाख रुपियाँ उपलब्ध गराउनेसम्बन्धी मापदण्ड तयार गर्न प्राधिकरणद्वारा कार्यटोली गठन ।

### २०७४ जेठ

- प्राधिकरणद्वारा 'जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा सर्न चाहने भूकम्पपीडितलाई बसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४' पारित ।
- प्राधिकरण कार्यकारी समितिद्वारा 'न्यूनतम मापदण्डअनुरूप नबनेका गारोवाला भवनहरूका लागि सुधार तथा अपवाद मापदण्डसम्बन्धी निर्देशिका, २०७४' स्वीकृत ।

### २०७४ असार

- पुनर्निर्माणसम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ स्वीकृत ।

- प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बसेको प्राधिकरणको दशौं निर्देशक समितिको बैठकद्वारा आर्थिक वर्ष २०७४/२०७५ का लागि १ खर्ब ४५ अर्ब ९३ करोड रुपियाँको बजेट स्वीकृत । निजी आवास पुनर्निर्माणका लागि अनुदान वितरणमा समयसीमा तोकेर अभियान चलाउने निर्णय, भूकम्प कम प्रभावित १७ जिल्ला हेर्नेगरी थप आठ स्थानमा प्राधिकरणको जिल्ला समन्वय समितिको सचिवालय स्थापना गर्ने निर्णय ।

**२०७४ साउन**

- चिनियाँ उपप्रधानमन्त्री वाङ याङ र उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री कृष्णबहादुर महराद्वारा चीन सरकारको सहयोगमा पुनर्निर्माण हुने वसन्तपुर दरबार क्षेत्रस्थित नौतले दरबार पुनर्निर्माणको संयुक्तरूपमा शिलान्यास ।
- स्वास्थ्य मन्त्रालयअन्तर्गत आयोजना समन्वय एकाइद्वारा प्रस्तावित 'स्वास्थ्य भवन पुनर्निर्माण कार्यविधि, २०७४' प्राधिकरण कार्यकारी समितिद्वारा स्वीकृत ।

**२०७४ भदौ**

- भूकम्प प्रभावित जिल्लाका पीडितहरूका लागि एकीकृत बस्ती विकास गर्ने सम्बन्धमा तर्जुमा गरिएको 'एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि, २०७४' प्राधिकरणद्वारा स्वीकृत ।

**२०७४ कात्तिक**

- प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलले दिएको राजीनामा मन्त्रिपरिषद्द्वारा स्वीकृत । नेपाल सरकारका पूर्वसचिव युवराज भुसाललाई प्रमुख कार्यकारी अधिकृत नियुक्त ।

**२०७४ मङ्सिर**

- हरेक वडामा एकजना प्राविधिक जनशक्ति पुऱ्याउने लक्ष्यअनुसार प्राधिकरणद्वारा नयाँ नियुक्त ११०० भन्दा बढी इन्जिनियर, सबइन्जिनियर र असिस्टेन्ट सबइन्जिनियरलाई भूकम्प प्रभावित सम्पूर्ण जिल्लामा परिचालन ।

**२०७४ माघ**

- प्रधानमन्त्री एवं निर्देशक समितिका अध्यक्ष शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकद्वारा पहिलो किस्ता लिएका लाभग्राहीले घर निर्माण सुरु गरी दोस्रो किस्ता लिने अवधि २०७४ चैत मसान्तसम्म कायम ।

**२०७४ फागुन**

- गोरखा र नुवाकोटमा निजी आवास पुनर्निर्माणमा सामाजिक-प्राविधिक सहयोगका लागि भारत सरकार, युएनडिपी र युएनओपिएसबीच छुट्टाछुट्टै समझदारी पत्रमा हस्ताक्षर ।

**२०७४ चैत**

- प्राधिकरणको परामर्श परिषद्को तेस्रो बैठकद्वारा प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने संसद् सदस्यहरूमध्येबाट समावेशी सिद्धान्तका आधारमा १४ जना सदस्य मनोनीत गर्दै परिषद्लाई पूर्णता ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको बैठकद्वारा पुनर्निर्माणका प्राथमिकता निर्धारण गर्दै निजी आवास पुनर्निर्माणलाई जोड दिने निर्णय । केन्द्रीय एवं जिल्लास्तरीय आयोजना कार्यान्वयन एकाइको मौजुदा सङ्गठनमा फेरबदल गरी नयाँ सरचना पारित ।

**२०७५ वैशाख**

- पुनर्निर्माणमा प्रदेश सरकार र प्रदेश सभा सदस्यहरूलाई जानकारी तथा सहभागी गराउने उद्देश्यले प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना ।

**२०७५ जेठ**

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा भूकम्पबाट क्षतिग्रस्त धरहरा पुनर्निर्माणका लागि टेन्डर आह्वान ।

**२०७५ असार**

- प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा वसन्तपुर दरबार क्षेत्रमा रहेको पुनर्निर्मित गद्दी बैठकको उद्घाटन । अमेरिकाको एम्बासडर्स फन्ड फर कल्चरल प्रिजर्भेसनको आर्थिक सहयोगमा पुनर्निर्माण ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसालको बिदाइ ।

**२०७५ साउन**

- पुनर्निर्माणमा भारत सरकारले प्रतिबद्धता जनाएको अनुदान रकममध्ये पहिलो किस्ताबापत २ अर्ब १० करोड ४३ लाख रुपियाँ अर्थ मन्त्रालयमार्फत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई हस्तान्तरण ।
- मन्त्रिपरिषद् बैठकद्वारा सुशील ज्ञवालीलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त ।

**२०७५ भदौ**

- कार्यकारी समितिको बैठकद्वारा काभ्रेपलान्चोक, सिन्धुपाल्चोक र रामेछापका गरी पाँचवटा नयाँ बस्ती बनाउने योजना स्वीकृत ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठकद्वारा निजी आवास पुनर्निर्माणलगायतका विभिन्न कार्यहरू स्थानीय तहलाई जिम्मा दिने निर्णय ।
- काष्ठमण्डप पुनर्निर्माण निर्देशक समितिको बैठक । २०७६ साल असारभित्र पहिलो तला निर्माण गरिसक्ने निर्णय ।
- प्राधिकरण कार्यकारी समितिको बैठक । खोकना, बुङमती, साँखु, किलागल जस्ता बस्तीहरूको मौलिक स्वरूप यथावत् राख्नेगरी पुनर्निर्माण गर्ने निर्णय ।
- पुनर्निर्माण भएका निजी घरहरूको ५ वर्षका लागि रु.५ लाखसम्मको बीमा गर्नका लागि ५० प्रतिशत सम्बन्धित घरधनी र ५० प्रतिशत सरकारले आर्थिक दायित्व वहन गर्ने गरी व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्मा लेखी पठाउने निर्णय ।

**२०७५ असोज**

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण विकास सहायता समन्वय तथा

सहजीकरण समितिको ८ औं बैठक सम्पन्न । प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा पुनर्निर्माणमा भएको प्रगति अवस्था र भावी कार्ययोजना प्रस्तुत ।

- सहुलियत कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी । तीन लाख रुपियाँको निजी आवास पुनर्निर्माण सहुलियत कर्जा उपलब्ध गराउने निर्णय ।
- प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा राष्ट्रपति विद्यादेवी भण्डारीसँग भेटघाट । राष्ट्रपति भवन नभत्काउने निर्णय ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको बैठक । ओखलढुङ्गाको फुयाँल गाउँ, सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढीको भ्याडीटोलस्थित माझी गाउँ, सिन्धुपाल्चोककै गिरानचौरस्थित सामुदायिक पुनर्निर्माण पर्यटन प्रवर्द्धन परियोजना र काठमाडौंको शङ्करापुर नगरपालिकास्थित पुखुलाछीको सिर्जनशील एकीकृत बस्ती विकासको योजना स्वीकृत ।
- प्राधिकरण कार्यकारी समितिको बैठक । पुनर्निर्माण र पुनर्स्थापनाका लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत ।

## २०७५ कात्तिक

- धरहराको पुनर्निर्माण सुरु ।
- संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र पुरातत्त्व विभागबीच बैठक । रानीपोखरीको बालगोपालेश्वर मन्दिरको गुम्बज शैलीमा पुनर्विचार गर्न पुरातत्त्व विभागलाई निर्देशन ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको बैठक । ९९ घर/परिवारसम्मको एकीकृत बस्ती विकास गर्नका लागि स्थानीय तहलाई जिम्मेवारी दिने निर्णय ।
- प्राधिकरण कार्यकारी समितिको बैठक । छुट तथा पुनःजाँच सर्वेक्षण कार्यविधि,२०७५ स्वीकृति । भूकम्पबाट प्रभावित निजी आवास अनुदान वितरण (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृतिका लागि मन्त्रिपरिषद् समक्ष पेश गर्ने निर्णय । निजी आवास पुनर्निर्माण प्राविधिक निरीक्षण (दोस्रो संशोधन) कार्यविधि, २०७५ स्वीकृत ।

## २०७५ मङ्सिर

- पुनर्निर्माणसम्बन्धी कार्यजिम्मेवारी र अधिकार स्थानीय तहलाई हस्तान्तरणका लागि काभ्रेपलान्चोक, ललितपुर, भक्तपुरलगायतका नौवटा जिल्लामा पुनर्निर्माण प्राधिकरण र स्थानीय तहहरूबीच समझदारीपत्रमा हस्ताक्षर ।
- सङ्घीय संसद्को विकास तथा प्रविधि समितिको बैठक । गुनासो सम्बोधनलगायतका कार्य गर्न निर्देशन ।

## २०७५ पुस

- नुवाकोटस्थित विदुर नगरपालिकाको ढुङ्गेनटारमा प्राधिकरण र इसिमोडको नेतृत्व र विभिन्न सङ्घ/संस्था र स्थानीय समुदायको सहभागितामा पुनर्निर्माण भएका ९० घर ढुङ्गेनटार पुनर्निर्माण समाजलाई हस्तान्तरण ।
- काठमाडौँमा पुनर्निर्माण जिल्ला समन्वय समितिको बैठक । पुनर्निर्माणसम्बन्धी स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरणका लागि पुनर्निर्माण प्राधिकरण र स्थानीय तहहरूबीच समझदारीपत्रमा हस्ताक्षर ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा पत्रकार सम्मेलन । निजी आवास पुनर्निर्माणमा ७०, विद्यालयमा ८०, सरकारी भवनमा ९५ प्रतिशत प्रगति भएको विवरण सार्वजनिक ।
- प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा ऐतिहासिक धरहरा पुनर्निर्माणको शिलान्यास ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको बैठक । भूकम्पबाट प्रभावित गुम्बा, बिहार तथा स्तूपाहरूको संरक्षण, जीर्णद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७५ पारित ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण परामर्श परिषद्को बैठक । दुई वर्षभित्र पुनर्निर्माणका कामहरू सक्ने गरी योजना बनाउन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा निर्देशन ।

## २०७५ माघ

- प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा पाटन दरबार क्षेत्रमा पुनर्निर्माण भएका र हुँदै गरेका सम्पदाहरूको अवलोकन ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समिति १४औं बैठक । प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा पुनर्निर्माण र पुनर्स्थापनाका बाँकी कार्यहरू दुई वर्षभित्रमा सम्पन्न गर्ने गरी लक्ष्य र कार्ययोजना प्रस्तुत ।
- मन्त्रिपरिषद्को बैठकद्वारा रानीपोखरी र बालगोपालेश्वर मन्दिर लगायत सो क्षेत्रमा रहेका पुरातात्विक संरचनाहरूको पुनर्निर्माण सम्बन्धी सम्पूर्ण कार्य गर्ने गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई जिम्मेवारी दिने निर्णय ।
- मन्त्रिपरिषद्को बैठकद्वारा निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधिमा दोस्रो संशोधन । निजी आवास पुनर्निर्माण अनुदान प्राप्त गर्ने प्रक्रिया थप सरलीकृत ।
- काठमाडौं दरबार क्षेत्र बसन्तपुरस्थित काष्ठमण्डपको चारवटा मूल थाम ठड्याउने कार्यको शुभारम्भ ।
- सबै भूकम्प प्रभावित जिल्लाहरूमा अन्तरक्रिया तथा पुनर्निर्माण समन्वय समिति/सहजीकरण समितिको वैठक सम्पन्न गर्न स्थानीय तहहरूसँग समझदारीपत्रमा हस्ताक्षर ।

## २०७५ फागुन

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पहलमा हनुमानढोका दरबार परिसरमा रहेको आगम्छे मन्दिरको पुनर्निर्माण स्थानीय समुदायमार्फत् गर्न जनप्रतिनिधिहरू, स्थानीय समुदाय र जापान सरकार सहमत ।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा उपभोक्ता समितिमार्फत रानीपोखरीको पुनर्निर्माण कार्य सुरु ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा पुनर्निर्माण हुंदै गरेको नेपाली सेनाको जङ्गी अड्डाको निरीक्षण ।

## २०७५ चैत्र

- निजी आवास अनुदानको लाभग्राहीमा नपरेको भनी गुनासो दर्ता गराएका गुनासोकर्ताको स्थानीय तहमा खटिएका तोकिएका इञ्जिनियरमार्फत् छुट तथा पुनः जाँच सर्वेक्षण सुरु ।
- संघीय संसदको विकास तथा प्रविधि समितिको बैठक । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा सिंहदरबारको पश्चिम भागलाई रेट्रोफिटिङ गरेर संरक्षण गर्ने जानकारी ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा रसुवा जिल्लाको विभिन्न जोखिमपूर्ण बस्तीबाट विस्थापित एक सय नौ भूकम्प पीडितलाई सुरक्षित स्थानमा आवास पुनर्निर्माण गर्न खरिद गरिएको जग्गाको जग्गाधनी प्रमाणपत्र वितरण ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली सहित सरकारी उच्चस्तरीय टोलीद्वारा अरनिको राजमार्गको निरीक्षण । दुई महिनाभित्र तातोपानी नाका पुनःसञ्चालन हुने जानकारी ।

## २०७६ वैशाख

- नेपाली सेनाको मुख्यालय जङ्गी अड्डाको पुनर्निर्माण पूरा । राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा उद्घाटन ।
- काभ्रेको सञ्जीवनी माविको पुनर्निर्माण सम्पन्न । प्रधानमन्त्री केपीशर्मा ओलीद्वारा उद्घाटन ।
- गोरखा भूकम्पको स्मृतिमा काठमाडौंको बसन्तपुरमा स्मृतिसभा । पुनर्निर्माणका विभिन्न विधामा उत्कृष्ट कार्य सम्पादन गरेका पालिकाहरू एवं जिल्ला आयोजना कार्यालयहरूलाई प्रशंसा-पत्र प्रदान ।
- नेपाल इन्जिनयर्स एशोसियसनको मध्यस्थततामा पुनर्निर्माण प्राधिकरण र प्राधिकरणमा कार्यरत प्राविधिकहरूबीच छलफल । प्राविधिकहरूद्वारा आफ्ना मागहरू सम्बोधन भइसकेकाले काममा फर्कने प्रतिबद्धता ।
- पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिको बैठक । आगामी आर्थिक वर्षमा पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि १ सय ५६ अर्ब रुपैयाँको बजेट स्वीकृत ।
- मन्त्रिपरिषद्द्वारा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधिमा पहिलो संशोधन । भूकम्पपीडितले आवास निर्माणका अतिरिक्त जीविकोपार्जनका लागि थप एउटा कर्जा पनि लिन पाउने ।
- पुनर्निर्माण प्राधिकरणद्वारा छुट तथा पुनःजाँच सर्वेक्षण अन्तर्गत स्थलगत लगत संकलनको समयसीमा जेठ मसान्तसम्म थप ।
- पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा स्वीजरल्याण्डको जेनेभामा आयोजित पुनर्निर्माण सम्बन्धी चौथो विश्व सम्मेलन र विपद् जोखिम व्यवस्थापन सम्बन्धी ग्लोवल प्लेटफर्ममा नेपालको पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी प्रस्तुति ।

## २०७६ जेठ

- धरहराको राफ्ट फाउन्डेसनको काम सुरु ।
- भूकम्पबाट क्षति भएको तातोपानी नाकाको सञ्चालन सुरु ।
- सरकारद्वारा संघीय संसदमा आगामी आर्थिक वर्षका लागि बजेट पेश । पुनर्निर्माणका लागि १ खर्ब ४१ अर्ब विनियोजन ।
- विपद् व्यवस्थापन, पुनर्निर्माण, उर्जा र जलवायु परिवर्तनको क्षेत्रमा स्थानीय तहहरूको भूमिका सम्बन्धी दक्षिण एसीयाली सम्मेलन ।
- संघीय संसदको दीगो विकास तथा सुशासन समितिको बैठक । प्राधिकरणद्वारा निजी आवास पुनर्निर्माणमा ८२ प्रतिशत प्रगति भएको जानकारी ।
- छुट तथा पुनःजाँच सर्वेक्षण अन्तर्गत स्थलगत लगत संकलनको कार्य असार १५ गतेसम्म थप ।

## २०७६ असार

- पुनर्निर्माण प्राधिकरणद्वारा अनुदान सम्झौता नगरेका लाभग्राहीहरूलाई असार २१ गतेभित्र अनुदान सम्झौता गरी असार मसान्तभित्र अनुदानको पहिलो किस्ता लिन अनुरोध ।
- पुनर्निर्माण प्राधिकरण विकास सहायता तथा सहजीकरण समितिको बैठक । पुनर्निर्माण र पुनर्स्थापनामा ६ खर्ब ३० अर्ब रुपैयाँ लाग्ने संशोधित अनुमान र कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त ।
- गैरकानूनी कार्यमा संलग्न रहेको भेटिएको भन्दै पुनर्निर्माण प्राधिकरणद्वारा पुनर्निर्माणमा खटिएका १९ जना प्राविधिकलाई कारवाही ।
- पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको बैठक । भूकम्पबाट क्षति भई प्राविधिकहरू खटिनुपूर्व बनाइएका निजी घरका घरधनीलाई एकमुष्ट तीन लाख रुपैयाँ उपलब्ध गराउने कार्यविधि पारित ।
- राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा राष्ट्र बैंकको केन्द्रीय कार्यालयको भवन पुनर्निर्माणको शिलान्यास ।
- रानीपोखरीको बालगोपालेश्वर मन्दिर, पुल र बगैचाको पुनर्निर्माणका लागि निर्माण व्यावसायीसँग ठेक्का सम्झौता ।
- पुनर्निर्माण सम्पन्न प्रसुति गृहको प्राधानमन्त्री केपीशर्मा ओली र वीर अस्पतालको उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवद्वारा उद्घाटन ।

## २०७६ साउन

- पुनर्निर्माण प्राधिकरणद्वारा निजी आवास पुनर्निर्माणका लागि लाभग्राहीमा परी २०७६ असार २१ गतेसम्म सम्झौता नगर्नेको नाम लाभग्राहीको सूचीबाट हटाउने निर्णय ।
- पुनर्निर्माण प्राधिकरणद्वारा अनुदान सम्झौता गरेका तर बैंकमा आफ्नो खाता सुचारु नगरेका लाभग्राहीलाई बैंकमा सम्पर्क राखी आफ्नो खाता सुचारु गर्न अनुरोध ।
- पुनर्निर्माण प्राधिकरण, नेपाल राष्ट्र बैंक र विभिन्न सरकारी तथा निजी बैंकका प्रमुख एवं प्रतिनिधिबीच सहुलियत ऋण सम्बन्धी छलफल । ऋण लिन सहज गर्ने सहमति ।

## २०७६ भदौ

- २०७६ रानीपोखरीको बालगोपालेश्वर मन्दिरको शिखर शैलीमा पुनर्निर्माण सुरु ।
- पाँचौं नेपाल-भारत संयुक्त आयोगको बैठक । सो अवसरमा भारतद्वारा निजी आवास पुनर्निर्माणको सोधभर्ना स्वरुप २ अर्ब ४५ करोड ८८ लाख ५० हजार रुपैयाँ बराबरको चेक नेपाललाई हस्तान्तरण ।
- पुनर्निर्माण प्राधिकरण, धरहराका निर्माण व्यावसायी र स्थानीयबीच छलफल । धरहरा क्षेत्रमा पर्ने परम्परागत उपाकु मार्ग खोल्ने सहमति ।
- पुनर्निर्माण प्राधिकरण, काठमाडौं उपत्यका विकास प्राधिकरण र सियोल हाउजिङ एण्ड कम्युनिटी करपोरेसनबीच दक्षिण कोरियाको सियोलमा समझदारी पत्रमा हस्ताक्षर । काठमाडौं उपत्यकाका प्राचीन बस्तीहरूको पुनर्निर्माण र स्मार्ट सिटीहरूको विकासका लागि दक्षिण कोरियाले सहयोग गर्ने ।
- प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा मोतिहारी अमलेखगन्ज पाइपलाइनको संयुक्त उद्घाटन । सो असरमा नेपालको पुनर्निर्माणको प्रशंसा ।
- त्रिपुरेश्वरस्थित त्रिपुरेश्वर महादेव मन्दिरमा गजूर पुनर्स्थापना ।

## २०७६ असोज

- विश्व बैंकका दक्षिण एसिया क्षेत्रका भाइस प्रेसिडेन्ट हार्ट्विग स्याफर नेपाल भ्रमणमा । पुनर्निर्माणमा विश्व बैंकले प्रदान गरेको सहयोगको सही सदुपयोग भएकोमा खुशी व्यक्त ।
- पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली र सचिव शिवहरि शर्माबीच कार्य सम्पादन सम्झौता ।
- पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको बैठक । आगम छें र देगु तलेजु मन्दिरको पुनर्निर्माण उपभोक्ता समितिमार्फत् गर्ने निर्णय ।
- २४ वटा विद्यालय पुनर्निर्माणका लागि पुनर्निर्माण प्राधिकरण, नेपालस्थित नर्वेजियन राजदूतावास र युनाइटेड नेसन्स अफिस फर प्रोजेक्ट सर्भिसेस (युनओपिएस) बीच समझदारी ।
- पाटनस्थित हरिशंकर मन्दिरको पुनर्निर्माण सम्पन्न ।
- अर्थ मन्त्रालय र साउदी फण्ड फर डेभलप्मेन्टबीच पुनर्निर्माणका लागि साउदीले उपलब्ध गराउने ११२.५ मिलियन साउदी रियाल (करिब ३ अर्ब ४० करोड रुपैयाँ) सहुलियत ऋण सम्झौतामा हस्ताक्षर ।
- चीनका राष्ट्रपति सि चिनफिङद्वारा नेपाल भ्रमण । भूकम्पपश्चात्को पुनर्निर्माणमा चिनियाँ परियोजनाहरूलाई सक्रियताका साथ अघि बढाइरहेको जानकारी ।

## २०७६ कात्तिक

- विश्व सम्पदा सूचीभित्र पर्ने सम्पदा क्षेत्रहरूको अध्ययन गर्न नेपाल आएको मिसनलाई प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा पुरातात्विक मूल्य मान्यतालाई विशेष ध्यान दिएर सम्पदा पुनर्निर्माण भइरहेको जानकारी ।
- सिंहदरबारको पश्चिम मोहडाको पुनर्निर्माण सुरु ।
- भूकम्प प्रभावित लाभग्राहीलाई सहुलियतपूर्ण ऋण लिन सहजीकरण गर्न राष्ट्रिय वाणिज्य बैंक र युके एड सक्षमः एक्सेस टु फाइनान्सबीच समझदारी ।
- प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीद्वारा विपद् व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी वर्ल्ड बोसाइ फोरममा नेपालमा पुनर्निर्माण सम्बन्धी प्रस्तुति । विज्ञद्वारा धैर्यका साथ पुनर्निर्माण अघि बढाउन सुझाव ।
- नेपालको पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आयोजक समितिको पहिलो बैठक । समितिलाई पूर्णता दिने निर्णय ।

## २०७६ मङ्सिर

- संघीय संसदको विकास तथा प्रविधि समितिको बैठक । प्राधिकरणद्वारा ६२ निजी आवासको पुनर्निर्माण सम्पन्न र २४ प्रतिशत बन्दै गरेको जानकारी ।
- कार्यकारी समितिको बैठक । अनुदान सम्झौता नगरेका, पहिलो किस्ता र दोस्रो किस्ता नलिएका भूकम्पपीडित लाभग्राहीलाई शर्तसहित पुनः अवसर ।
- पुनर्निर्माण प्राधिकरणको विकास सहायता तथा समन्वय सहजीकरण समितिको १० औं बैठक । पुनर्निर्माणमा प्राप्त प्रगति सन्तोषजनक रहेको बताउँदै दीगोपनमा जोड ।
- केशरमहलको प्रवलीकरणका लागि ठेक्का सम्झौता ।
- दशरथ रंगशालाको पुनर्निर्माण सम्पन्न । १३ औं दक्षिण एसियाली खेलकूदको आयोजना ।
- पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको बैठक । ४२ हजार ७ सय ४२ गुनासो सम्बोधन सम्पन्न गरी ४ हजार ६ सय ४४ पुनर्निर्माण लाभग्राही थप ।



सिन्धुपाल्चोकको इयाडी टोलस्थित माझी एकीकृत बस्तीमा स्थानीय भूकम्पपीडितहरु बसोबास गर्न थालिसकेका छन् ।


थप जानकारीका लागि

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

सिंहदरबार, काठमाडौं

फोन : ०१-४२११४८२, ०१-४२११४६५ फ्याक्स : ०१-४२११४७३

हेल्पलाइन : १६६०-०१-७२००० (एनटिसी) ९८०१५७२१११ (एनसेल)

इमेल : info@nra.gov.np

www.nra.gov.np

National Reconstruction Authority

@NRANepal



*यो प्रकाशन नेशनल डेमोक्रेटिक इन्स्टिच्यूट फर इन्टरनेशनल अफेयर्स/अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहायता नियोगको सहयोगमा प्रकाशित गरिएको हो ।*